प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्विकृत
मिति : २०७६।०७।२६

# मनोरञ्जन कर नियमावली, २०७६

**प्रस्तावनाः** प्रदेश भित्र सञ्चालन भएका र हुने मनोरञ्जन सम्बन्धी व्यवसायलाई नियमन गर्दै उक्त व्यवसायबाट प्राप्त हुने कर संकलन प्रक्रियालाई व्यवस्थित र प्रभावकारी वनाउन बाञ्छनीय भएकाले, प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ को दफा ५८ बमोजिम प्रदेश सरकारले यो नियमावली बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम " मनोरञ्जन कर नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा

(क) "आर्थिक ऐन" भन्नाले प्रदेश सरकारको सालवसाली आर्थिक ऐन सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) "कर" भन्नाले मनोरञ्जन कर सम्झनु पर्छ ।

(घ) "चलचित्र घर" भन्नाले प्रचलित कानून बमोजिम स्विकृती प्राप्त गरी सर्वसाधारणलाई प्रवेश शुल्क लिई सञ्चालन गरिएको श्रव्यदृश्य फिल्म, टेलिफिल्म सञ्चालन हुने घर सम्झनु पर्छ, सो शब्दले अवधि तोकी सञ्चालन गरेको चलचित्र घर समेतलाई सम्झनु पर्छ।

(ङ) "तोकिएको वा तोकेबमोजिम" भन्नाले प्रदेश सरकारको सालवसाली आर्थिक ऐन तथा यस नियमावलीमा तोकेबमोजिम सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले प्रदेश नं. ५ सम्झनु पर्छ ।

(छ) "भिडियो घर" भन्नाले प्रचलित कानून बमोजिम भिडियो घर सञ्चालन गर्न अनुमति पाएको घर सम्झनु पर्छ । सो शब्दले अवधि तोकि स्विकृती पाएको घर समेतलाई सम्झनु पर्छ ।

मनोरञ्जन कर नियमावली, २०७६

(ज) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ ।

(झ) "व्यापार मेला" भन्नाले निश्चित अवधिका लागि सञ्चालन अनुमती प्राप्त गरी कुनै बस्तु वा सेवाको व्यापारिक प्रयोजनका लागि सर्वसाधारणबाट शुल्क लिई सञ्चालन गरिएका मेला सम्झनु पर्छ । सो शब्दले कृषि मेला, क्यानइन्फोटेक मेला, चाडपर्व मेला समेतलाई सम्झनु पर्छ ।

(ञ) "सार्वजनिक मनोरञ्जन स्थल" भन्नाले प्रचलित कानूनले सार्वजनिक मनोरञ्जनका लागि तोकिएका स्थल वा स्विकृती प्रदान गरेका स्थल वा अवधि तोकि सञ्चालन स्विकृती पाएका स्थल, सर्वसाधारण व्यक्तिलाई प्रवेश शुल्क लिई मनोरञ्जन प्रदान गर्न खडा गरिएका स्थान समेतलाई सम्झनु पर्छ ।

(ट) "सञ्चालक" भन्नाले मनोरञ्जन व्यवसाय सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमती प्राप्त जुनसुकै आयोजक व्यक्ति वा संस्था सम्झनु पर्छ, सो शब्दले मनोरञ्जन स्थल सञ्चालन गर्न समिति गठन गरेको भएमा सो समिति समेतलाई सम्झनु पर्छ ।

(ठ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ड) "सांस्कृतिक प्रदर्शन हल" भन्नाले व्यवसायिक रुपमा कला, भाषा, भेषभुषा, पर्व, संस्कृति सम्बन्धी विषयवस्तु प्रदर्शन गर्ने वन्द तथा खुला हल समेतलाई सम्झनु पर्छ ।

(ढ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

३. **<u>चलचित्र घर सम्बन्धी व्यवस्थाः</u>** (१) प्रचलित कानून बमोजिम सञ्चालनमा रहेका चलचित्र घरका सञ्चालकले तोकेबमोजिम कर रकम सम्वन्धित स्थानीय तहमा मासिक रुपमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कर रकम प्रति टिकट मूल्यको तोकेबमोजिमका दरले निर्धारण भए बमोजिम हुनेछ ।

४. **<u>नाटकघर, भिडियोघर र थियटर सम्बन्धी व्यवस्थाः</u>** कानून बमोजिम सञ्चालन अनुमती प्राप्त गरेका नाटकघर, भिडियोघर, थियटर वा यस्तै प्रकृतिका सञ्चालकहरुले सर्वसाधारणलाई

मनोरञ्जन कर नियमावली, २०७८

व्यवसायिक रुपमा टिकट बिक्री गरी प्रवेश शुल्क लिएमा उक्त टिकट मूल्यको तोकेबमोजिम हुने रकम मासिक रुपमा सम्वन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ ।

५. **<u>सर्कस, जादु, चटके सम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय तहको क्षेत्रभित्र कुनै सर्कस, जादु, चटके वा यस्तै प्रकृतिका मनोरञ्जन दिने कार्यक्रम सञ्चालन गर्न अनुमती प्राप्त गरेका सञ्चालकले टिकटको व्यवस्था गरेकोमा प्रति टिकट मूल्यको तोकेबमोजिम हुने रकम सम्वन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम टिकटको व्यवस्था नभएकोमा सञ्चालन अवधिको आधारमा तोकेबमोजिम हुने रकम सम्वन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ ।

(३) सञ्चालकले तीस दिन भन्दा बढी अवधिको सर्कस, जादु, चटके प्रदर्शनी आयोजना गर्नु पर्ने भएमा अनिवार्य रुपमा टिकटको व्यवस्था गर्नु पर्नेछ ।

६. **<u>सांस्कृतिक प्रदर्शनी सम्बन्धी व्यवस्थाः</u>** (१) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको सांस्कृतिक प्रदर्शनी स्थानीय तहको क्षेत्रमा सञ्चालन हुने भएमा सो वापतको कर रकम एकमुष्ठ रुपमा तोकिएको भएमा सो बमोजिमको कर रकम सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम एकमुष्ठ रकम नतोकिएको भएमा सांस्कृतिक प्रदर्शनी स्थलको प्रवेश टिकटको तोकेबमोजिमको प्रतिशतले हुने रकम स्थानीय तहमा बुझाउनु पर्नेछ ।

७. **<u>व्यापार मेला सम्बन्धी व्यवस्थाः</u>** (१) स्थानीय तहको क्षेत्रमा सञ्चालन गरिने व्यापारिक मेला, कृषि मेला वा यस्तै प्रकृतिका मेला आयोजना हुने भएमा एकमुष्ठ रकम तोकिएको भएमा सोही बमोजिमको रकम सम्वन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको रकम नतोकिएको अवस्थामा प्रदर्शन स्थलको प्रवेश टिकटको तोकिएको प्रतिशतले हुने रकम बुझाउनु पर्नेछ ।

(३) तीस दिन भन्दा वढी अवधिको व्यापार मेला सञ्चालन गर्ने भएमा मेला स्थलमा प्रवेश टिकटको अनिवार्य व्यवस्था गर्नु पर्नेछ ।

(४) टिकटको व्यवस्था नगरिएको व्यापार मेला सञ्चालकले तोकेबमोजिम लाग्ने कर सम्वन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ ।

८. **<u>दोहोरी साँझ, डान्सबार सम्बन्धी व्यवस्था:</u>** दोहोरी साँझ, डान्सबार वा यस्तै प्रकृतिका मनोरञ्जन स्थलहरुले सम्वन्धित स्थानीय तहमा बार्षिक वा आवधिक रुपमा तोकिएको कर बुझाउनु पर्नेछ ।

९. **<u>फन पार्क, वाटर गार्डेन, बाल उद्यान सम्बन्धी व्यवस्था:</u>** (१) स्थानीय तहले आफ्नो क्षेत्रमा सञ्चालन भएका फन पार्क, वाटर गार्डेन, बाल उद्यान वा यस्तै प्रकृतिका मनोरञ्जन स्थलमा प्रवेश टिकट मूल्यको तोकेबमोजिम हुने रकम कर वापत संकलन गर्नु पर्नेछ ।

(२) उपदफा (१) वजोजिमको रकम सञ्चालकले बार्षिक वा आवधिक रुपमा एकमुष्ठ बुझाउन चाहेमा बार्षिक वा आवधिक रुपमा बुझाउन सक्नेछ ।

१०. **<u>केवल नेटवर्क र डिस टेलिभिजन सम्बन्धी व्यवस्था:</u>** (१) स्थानीय तहको क्षेत्रमा सञ्चालनका लागि स्वीकृती प्राप्त केवल नेटवर्क र डिस टेलिभिजनले मनोरञ्जन वापतको कर आफ्नो मुख्य कार्यालय वा बितरकको कार्यालय रहेको स्थानीय तहमा तोकेबमोजिमको रकम बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बजोजिमको रकम सञ्चालकले बार्षिक वा आवधिक रुपमा एकमुष्ठ बुझाउन चाहेमा बार्षिक वा आवधिक रुपमा बुझाउन सक्नेछ ।

११. **<u>छुट सम्बन्धी व्यवस्था:</u>** (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले वा अन्य सार्वजनिक निकायले सर्वसाधारणको हितको निमित्त सञ्चालन गर्ने प्रदर्शनी, मेला, ज्ञान प्रवर्द्धन गर्ने कार्यक्रम वापत लाग्ने करमा आयोजकको अनुरोधमा मन्त्रालयले छुट दिन सक्नेछ ।

१२. **<u>अनुगमन सम्बन्धी व्यवस्था :</u>** (१) प्रत्येक स्थानीय तहमा मनोरञ्जन व्यवसायको अनुगमन गर्न एक अनुगमन समिति रहनेछ ।

(२) उपनियम (१) बमोजिमको अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

| | |
|---|---|
| क) स्थानीय तहको राजश्व परामर्श समितिको संयोजक | अध्यक्ष |
| ख) कार्यपालिकाको सम्बन्धित विषयगत समितिको संयोजक | सदस्य |
| ग) राजश्व महाशाखा/शाखा प्रमुख | सदस्य–सचिव |

मनोरञ्जन कर नियमावली, २०७५

(३) उपनियम (२) बमोजिमको समितिले आफ्नो क्षेत्रमा सञ्चालनमा रहेका मनोरञ्जन व्यवसायहरु प्रचलित कानून तथा यस नियमावली बमोजिम सञ्चालन भए नभएको सम्बन्धमा कम्तीमा दुई महिनामा एक पटक अनुगमन गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिमको अनुगमन गर्दा प्रचलित कानून बमोजिम सञ्चालन भएको नपाईएमा मनासिव समय तोकी नियमित गर्न र कर जम्मा गर्न निर्देशन दिनुपर्नेछ ।

(५) उपनियम (२) बमोजिमको समितिले प्रचलित कानूनी प्रक्रिया पूरा नगरी सञ्चालनमा रहेका मनोरञ्जन स्थलको सञ्चालनमा तत्काल रोक लगाउने गरी आधार र कारण खुलाई आदेश दिन सक्नेछ ।सञ्चालकले त्यस्तो आदेशको पालना गर्नु पर्नेछ ।

(६) मन्त्रालयले आवश्यक देखेमा स्थानीय तहको क्षेत्रमा सञ्चालन भएका मनोरञ्जन प्रदान गर्ने स्थलमा अनुगमन एवम् नियमन गर्न सक्नेछ ।

(७) नियमन सम्बन्धी व्यवस्था यस नियमावली र प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

१३. **<u>प्रदर्शनी स्थल निषेधित क्षेत्र घोषणा गर्न सक्ने:</u>** (१) स्थानीय तहले कुनै धार्मिक, सांस्कृतिक, पुरातात्विक स्थलको सौन्दर्यता विगार्ने तथा प्रचलित कानूनले रोक लगाएका विषय तथा स्थानमा प्रदर्शनी सञ्चालनमा रोक लगाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमका स्थानहरुको पहिचान गरी निषेधित क्षेत्र घोषणा गर्न सक्नेछ । सोको सूचना स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।

१४. **<u>प्रक्रिया र मापदण्ड पालना गर्नु पर्ने:</u>** प्रचलित कानूनले कुनै खास वस्तु वा सेवाको प्रदर्शनका लागि खास प्रक्रिया, शर्त वा मापदण्ड पालना गर्ने गरी निर्धारण गरेकोमा यस नियमावलीमा तोकिएको विषयको अतिरिक्त त्यस्तो कानूनले निर्धारण गरेका प्रक्रिया, शर्त वा मापदण्ड समेत पालना गर्नु पर्नेछ ।

१५. **<u>कर लगाउने र उठाउने दायित्व:</u>** (१) यस नियमावली बमोजिम कर लगाउने दायित्व अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा प्रदेश वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम प्रदेश सरकारले तोकेको मनोरञ्जन कर वापतको रकम सम्वन्धित स्थानीय तहले संकलन गर्नेछ ।

(३) उपनियम (२) बमोजिम संकलित रकम स्थानीय तहको विभाज्य कोष खातामा जम्मा गर्नुपर्नेछ।

(४) उपनियम (३) बमोजिमको रकमको साठी प्रतिशतले हुने रकम मासिक रुपमा स्थानीय तहले आफ्नो सञ्चित कोषमा र चालिस प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा हरेक महिनाको २५ गते भित्र दाखिला गर्नु पर्नेछ ।

(५) मनोरञ्जन कर वापत उठेको रकमको मासिक प्रतिवेदन स्थानीय तहले मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

१६. **स्वीकृती तथा समन्वय गर्नुपर्नेः** (१) स्थानीय तहले नेपाल सरकार, प्रदेश सरकार वा सरकारी संस्थान वा निकायको स्वामित्वमा रहेका जग्गा वा स्थानहरुमा प्रदर्शनी सञ्चालनका लागि अनुमती दिनु अघि सो निकायसंग आवश्यक स्वीकृती तथा समन्वय गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम स्विकृती प्राप्त भएपछि स्थानीय तहले सञ्चालन अनुमती दिनु पर्नेछ ।

१७. **वील, वीजक वा टिकटको प्रमाणीकरण**ः (१) यस नियमावली बमोजिम कर असुल उपर गर्दा प्रयोग गरिने वील, वीजक वा टिकट कुनै सरकारी निकायले प्रमाणीकरण गरेको भए सोही बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिम प्रमाणीकरण नभएको अवस्थामा सञ्चालकले प्रत्येक आर्थिक वर्षको लागि सिलसिलेवार नम्वर खुल्ने गरी प्रमाणीकरणको लागि स्थानीय तहमा पेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रमाणीकरणको लागि पेश भएको मितिले सात दिन भित्र स्थानीय तहले प्रमाणीकरण गरी सोको अभिलेख राखेर सञ्चालकलाई उपलब्ध गराउनु पर्नेछ ।

मनोरञ्जन कर नियमावली, २०७६

(४) सञ्चालकले यस नियमावली बमोजिम प्रमाणीकरण भएको वील, वीजक वा टिकट मात्र प्रयोग गर्नुपर्नेछ ।

(५) यस नियमावली बमोजिमको वील, वीजक वा टिकट बाहेक अन्य टिकट प्रयोग गरेको पाइएमा सो बाट पुगेको क्षति बराबरको रकम र सोको दोब्बर जरिवाना लाग्नेछ ।

१८. **<u>कर दाखिला र जरिवाना सम्बन्धी व्यवस्था</u>**: (१) यस नियम बमोजिम करबाट उठेको रकम सञ्चालकले कर उठेको महिना भन्दा पछिको अर्को महिनाको १५ गते भित्र स्थानीय तहमा बुझाउनु पर्नेछ ।

(२) उप नियम (१) बमोजिम तोकिएको समयमा कर दाखिला नगर्ने सञ्चालकबाट स्थानीय तहले देहाय बमोजिम जरिवाना समेत गरी कर असुल गर्नेछ ।

(क) पहिलो एक महिनाभित्र कूल कर रकमको १० प्रतिशत,
(ख) त्यसपछिको दुई महिनाभित्र कूल कर रकमको २० प्रतिशत,
(ग) त्यसपछिको तीन महिनाभित्र कूल कर रकमको ४० प्रतिशत,
(घ) त्यसपछिको आर्थिक बर्षको बाँकि अवधिको लागि कूल कर रकमको ८० प्रतिशत,
(ङ) आर्थिक वर्ष नाघेमा प्रत्येक आर्थिक वर्षका लागि शत प्रतिशत ।

आषाढ महिनामा संकलित रकमको हकमा खण्ड (ङ) को प्रयोजनको लागि आर्थिक बर्ष गणना गर्दा एक आर्थिक बर्ष पछिको अर्को आर्थिक बर्षलाई मानिनेछ ।

१९. **<u>वाधा अड्काउ फुकाउ</u>**: यस नियमावलीको कार्यान्वयमा वाधा अड्काउ परेमा मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ ।

२०. **<u>खारेजी र वचाउ</u>**: यस नियमावली जारी हुनु पूर्व भए गरेका कामलाई यस नियमावली बमोजिम भए गरे सरह मानिनेछ।

मनोरञ्जन कर नियमावली, २०७६